# विकास पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सूचना।

राष्ट्रिय योजना आयोगबाट २०७८ साल आश्विन महिनामा प्रकाशित हुने "विकास" पत्रिकामा लेख रचना प्रकाशित गराउन चाहनु हुने विद्वान लेखक महानुभावहरूलाई मिति २०७८ भदौ मसान्त भित्र आयोगमा प्राप्त हुने गरी लेख रचना पठाउन हार्दिक अनुरोध गरिन्छ।

विकास पत्रिकामा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार तथा विकास सम्बन्धी समसामयिक विषयका नीति, योजना, कार्यक्रम एवम् आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसँग सम्बद्ध मौलिक, खोजपूर्ण, विचारप्रधान तथा अनुसन्धानमूलक विषय समावेश भएका लेख रचनालाई प्राथमिकता दिइनेछ।

प्रकाशनको लागि लेख रचनाको माध्यम भाषा नेपाली भए Preeti फन्टको साइज १४ र अंग्रेजी भए New Times Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ। लेखकले आफ्नो लेख रचनामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने विषयहरू देहाय बमोजिम रहेका छन्ः

(क) लेखको शुरुमा कार्यकारी सारांश
(ख) मुख्य लेख /विषयवस्तु
(ग) अन्त्यमा निष्कर्ष
(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेखहरू घटीमा ३००० र बढीमा ५००० शब्दमा लेखिएको हुनुपर्दछ। उल्लेखित ढाँचामा नभएका लेख रचनाहरू प्रकाशन गरिने छैन। लेख रचनाका साथ लेखकले आफ्नो फोटो, इमेल ठेगाना र मोबाइल नम्बर पनि उल्लेख गरी पठाउनुहुन अनुरोध छ। लेख रचनाहरू इमेल ठेगाना vikas@npc.gov.np मा पठाउन सकिनेछ। पत्रिकामा प्रकाशनार्थ प्राप्त लेख रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ। माथि उल्लेखित विवरण अनुसारको अंग पूरा नगरी आएका लेखहरू प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन। यस पत्रिकामा प्रकाशनको लागि पठाइएका लेख रचनाहरू अन्यत्र प्रकाशन गर्नु परेमा प्रकाशकको पूर्व स्वीकृति लिनुपर्नेछ।

राष्ट्रिय योजना आयोग
(अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा)
सिंहदरबार, काठमाडौं।